# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर

स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)

मिति: २०८२/१०/२७

बैठक शुरु समय: विहान १० बजे

बैठक संख्या: ९

बैठकको अध्यक्षता: बृज हाङ आङ्देम्बे

<u>उपस्थिति:</u>

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बृज हाङ आङ्देम्बे | अध्यक्ष | |
| २ | श्री ठाकुर सिं नेम्वाङ | उपाध्यक्ष | |
| ३ | श्री होम प्रसाद आङ्देम्बे | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सन्तोष कुमार नेम्वाङ | २ नं. वडाध्यक्ष | |
| ५ | श्री धन कुमार तामाङ | ३ नं. का.वा.वडाध्यक्ष | |
| ६ | श्री दल बहादुर नेम्वाङ | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री विष्णु कुमार चेम्जोङ | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री नारायण प्रसाद आङ्देम्बे | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री देउ कुमार आङ्देम्बे | ७ नं. वडाध्यक्ष | |
| १० | श्री बिमला लिम्बु | सदस्य | |
| ११ | श्री आइतिमाया लिम्बु | सदस्य | |
| १२ | श्री कमला पराजुली दुलाल | सदस्य | |
| १३ | श्री हर्कमाया नेपाली | सदस्य | |
| १४ | श्री टंक परियार | सदस्य | |
| १५ | श्री डसिमाया कमिनी | सदस्य | |
| १६ | श्री देवी तुम्बापो (प्र.प्र.अ.) | सदस्य सचिव | |

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर

स्थापना:२०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)

फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/१०/२७ गते बसेको नवौं बैठकका निर्णयहरू

| निर्णय नं. | निर्णयको व्यहोरा | थप |
|---|---|---|
| १ | आ.व.२०८३।०८४ का लागी फाल्गुनन्द गाउँपालिका पाँचथरबाट देहायका समपुरक र विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रम राष्ट्रिय योजना आयोगमा माग गरि पठाउने निर्णय सर्वसम्मत गरियो ।<br><br>देहाय:<br>समपुरक अनुदान अन्तर्गत:<br>१.गेलिभन्ज्याङ-मेहेलबोटे सडक कालोपत्रे निरन्तरता ,फाल्गुनन्द गाउँपालिका - रू.करोड ७ करोड रूपैया ।(गाउँपालिकाको लागत साझेदी बाहेक)<br>२.मायालुमोड- नवमिडांडा- घुर्बिसेपञ्चमि कृषी सडक- रू.६ करोड ।<br>३.गुम्बाडांडा-पौवासारताप-ईम्बुङ-नवमिडांडा सडक खण्ड – रू.५ करोड ।<br>विशेष अनुदान अन्तर्गत:<br>१. मायालुमोड- नवमिडांडा- घुर्बिसेपञ्चमि कृषी सडक खण्ड अन्तर्गत फिन्जे दोभानको विपद् बाट क्षतिग्रस्त निबुखोला पक्कि पुल पुननिर्माण रू.३ करोड रूपैंया । | समपुरक अनुदान सम्बन्धी कारयविधि,२०८१ बमोजिम गाउँपालिकाले लागत साझेदारी गर्ने । |
| २ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम अन्तर्गत कोशी प्रदेश सरकार र फाल्गुनन्द गाउँपालिकाको आ.व.२०८२।०८३ को बजेट ब्रेकडाउन को अनुमोदन गरी कार्यन्वयन गर्ने निर्णय गरियो । | |
| ३ | फाल्गुनन्द गाउँपालिका स्तरिय वालक्लब गठन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो । | |

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर

स्थापना:२०७३

कोशी प्रदेश, नेपाल

**(कार्यपालिका बैठक)**

| | | |
|---|---|---|
| ४ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पाउँ भनि इङछेन्मो कन्स्ट्रक्सन प्रा.लि.फाल्गुनन्द गाउँपालिका वडा नं.२ का प्रोपाईटर श्री कविन्द्र तामाङको कार्यालयमा पेश भएको कागजपत्र, सम्बन्धित समिती र शाखाको सिफारीस बमोजिम फाल्गुनन्द गाउँपालिकाको घ वर्गको निर्माण व्यवासायि ईजाजतपत्र वितरण सम्बन्धी कार्यविधि बमोजिम निजलाई ईजाजत पत्र प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो । | |
| ५ | आ.व.२०८२।०८३ को गरिबी निवारणका लागी लघुउद्यम विकास कार्यक्रम वडा नं.३ मा कार्यन्वयन गर्ने निर्णय गरियो । | |
| ६ | फाल्गुनन्द गाउँपालिकाका सबै वडा हरूमा पूर्ण खोप अभियान सञ्चालन भईसकेको कारण फाल्गुनन्द गाउँपालिकालाई पूर्ण खोप घोषणाका लागी जिल्ला खोप समन्वय समिती पाँचथरलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ७ | हेभि मेसिन(एक्साभेटर) चालक श्री मिलन आङ्देम्बेलाई फिल्ड भत्ता नियमानुसार निजले काम गरे बापत प्रति दिन रू.१०००।-तलब बाहेक खाजा खाना खर्च उपलब्ध गराउने निर्णय गरियो । | |
| ८ | फाल्गुनन्द गाउँपालिका वडा नं.६ र ७ का लागी ज्योती मा.वि.को खेलमैदानमा फुटबल प्रशिक्षण आयोजना गर्ने निर्णय गरियो । | |
| ९ | निर्मित गुरूयोजना का आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागी यस अघि छनौट गरिएको श्री ज्योति मा.वि. वडा नं. ७ को आवश्यक जग्गा नपुग्ने भएकोले फाल्गुनन्द गाउँपालिका वडा नं.३ मा अवस्थित श्री सालताप मनोरत्न मा.वि. लाई छनौट गर्ने निर्णय गरियो । | |
| १० | विपदबाट क्षतिग्रस्त निबुखोला तेस्रो लघुजलविद्युत मर्मत विपद व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो । | |
| ११ | माबालुमोड- नवमिडांडा- घुर्बिसेपञ्चमि कृषी सडक खण्ड अन्तर्गत फिन्जे दोभान- हर्क चेमजोङ को घर सम्म सडक मर्मत गर्ने निर्णय गरियो । | |